नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 2 Monthly International Edition of Herald of His Coming February 2024

वर्ष २५, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (फागुन, २०८०)

जो राम्रो निम्ति मर्नु भयो र फेरि जिई उठ्नुभयो, उहाँको निम्ति बाँचौं

Living For Him, Who Died for us and Rose Again

By Rich Carmicheal

हामीले हाम्रा पापहरूबाट क्षमा पाउन र अनन्त जीवनको वरदान प्राप्त गर्न सकौं भनेर खीष्टले आफ्नो जीवन क्रुसमा हाम्रा निम्ति अपर्ण गर्नुभयो । यो महान् कामको निम्ति मैले उहाँलाई कसरी कृतज्ञता व्यक्त गरौं ? हाम्रा पाप र अपराधहरूको निम्ति कष्ट भोग्ने र मर्ने क्रममा उहाँले के भन्नुभयो, के गर्नुभयो यो क्षणलाई विचार गरौं । आउनुहोस् हामीले वचनको यो अतिनै महत्वपूर्ण खण्डलाई विचार गरौं ।"ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ त्यो जस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन् । ऊ घृणित थियो, र हामीले उसलाई कहाँ मोलको गनेनौं । निश्चयनै उसले हाम्रा निर्वलताहरू वोक्यो, र हाम्रा दुख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं तर ऊ त हाम्रा अपराधहरूका निम्ति छोडियो । हामीमा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं । हामी सबै भेडाझै बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं । परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनु भएको छ । ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन । मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो । आफ्नो ऊन कत्रनेको सामु भेडा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन । अत्याचार र इन्साफद्वारा ऊ लगियो । उसका सन्तानका वारेमा कसले विचार गर्न सक्छ ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो । उसको चिहान दुष्टहरू सित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन नत उसको मुखमा केही छल थियो । तापनि उसलाई चकनाचुर र कष्टमा पार्नु परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोष वलिझैं बनाउनु भए तापनि, उसले आफ्ना छोरा छोरीलाई देख्नेछ र आफ्नो

दिन बढाउनेछ र परभप्रभुको इच्छा उहाँकै हातमा अन्त हुनेछ । उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ । आफ्नो ज्ञानद्वारा मेरो धर्मीदासले धेरैलाई धर्मी बनाउने छ, र उसले तिनीहरूका अधर्म बोक्नेछ । यसैकारण महानहरू सँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरू सित बाँड्नेछ । किनभने उसले आफ्नो जीवन मृत्युमा ल्यायो र ऊ अपराधीहरूको गन्तीमा गनियो । किनकि उसले धेरैको पाप वोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो ।" (यशैया ५३ : ३ - १२)

उहाँको मृत्यु हुनभन्दा अगाडि जब उहाँ गेतसमनीको वगैंचामा एक्लै वसेर प्रार्थना गर्नुभयो । त्यो प्रार्थनाको अवस्थाले उहाँलाई क्रुस कति पिडादायी हुनेछ भन्ने कुरा प्रस्टै देखाउँदछ ।"उहाँ तिनीहरूबाट प्रायः तीस मिटर पर गएर घुँडा टेकी प्रार्थना गर्नुभयो, "हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मवाट हटाइदिनु होस् । तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस् । तव स्वर्गबाट एउटा दूत उहाँलाई वल दिन उहाँ कहाँ देखा परे । अत्यन्त संकटमा परेर आग्रहपूर्वक उहाँ प्रार्थना गर्न लाग्नुभयो र उहाँको पसिना रगतका ठूला-ठूला थोप्लाजस्तै जमिनमा खसिरहेका थिए ।" (लूका २२ : ४१ - ४४)

खीष्ट पिताको इच्छा पूरा गर्न यस पृथ्वीमा आउनु भएको थियो । (हिब्रू १०:५ - १०) चाहे जतिसुकै मुल्य चुकाउनु किन नपरोस उहाँ आफ्नो उद्देश्यबाट विचलन हुनुभएन र आत्मा समर्पण गरिरहनु भयो । "आफूलाई नम्र बनाउनु भयो र मृत्युसम्म पनि आज्ञाकारी हुनुभयो (फिलिस्पी २: ८) उहाँले लाजलाई तुच्छ ठान्दै क्रुस सहनु भयो (हिब्रू १२ : २)यो भन्दा ठूलो वलिदान केही पनि हुन सक्दैन । पवित्र परमेश्वरका पुत्र जो सिद्ध हुनुहुन्थ्यो उहाँको जस्तो वलिदान कसैको कहिलै हुन सक्दैन । त्यही उहाँको रगतको कारणले हामीले मुक्ति र पापको क्षमा प्राप्त गर्न सक्छौं । (कलस्सी १: १४)

पुनरुउत्थान र सधैभरि जीवित

एकचोटि विचार गर्नुहोस्त हाम्रा परमेश्वर र प्रभु येशू चिहानमा हुनुहुन्न पुनरुउत्थान हुनुभएको छ यो महान् घटनाबाट हामीले कसरी खुशी मनाउन सक्दछौं । परमेश्वरले उहाँलाई दुखमा मात्र राख्नु भएन उहाँको विजय वौरि उठाई पनि भयो । परमेश्वरको वचनले भन्दछ ".....जव उहाँले खीष्टलाई मरेकाहरूवाट जीवित पार्नुभयो, अति स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने वाहुली पट्टि वसाल्नु भयो । सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगमा मात्र होइन, तर आउने युगमा पनि जति नाउँछन् ती सबै माथि उहाँलाई राख्नुभयो ।" (एफिसी १ : २० - २१) येशू आफैले पनि यो कुरा घोषणा गर्नु भयो र भन्नुभयो" जीवित चाहिँ म नै हूँ म मरेको थिए । हेर, म सदासर्वदाको निम्ति जीवित छु अनि मृत्यु र पातालका साँचाहरू मसित छन् ।" (प्रकाश १: १८) हामीसँग कस्तो महान् आशा छ पुनरुउत्थान र स्वर्गमा चढि जाने येशू फेरि आउँदै हुनुहुन्छ । परमेश्वरको वचनले भन्दछ"किनकि प्रभू स्वयं हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनु हुनेछ, र खीष्टमा मरेकाहरूचाहिँ पहिले बौरि उठ्ने छन् । तव हामी वाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै वादलमा उठाइ लगिनेछौं, र यसरी हामीसधैँ प्रभुसँग रहने छौं ।" (१ थेसलोनिकी ४: १६ - १७)

खीष्टको लागि जिउनु :

हामी भविष्यमा हुने महिमाको प्रतिज्ञा गर्ने व्यक्ति मात्र होइन वर्तमान यस पृथ्वीमा रहँदानै खीष्टको लागि जिउन सक्नु पर्दछ । किनकि "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं ।" (रोमी ६ : ४) खीष्टसँग हाम्रो एकताको कारणले गर्दा हामी पापको लेखि मरेका, तर खीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ।" (६ :

११) र पिताले उठाउनु भएको र उचाल्नु हुने उही शक्तिशालीको शक्ति हो भनेर जान्न पाउनु कति उत्साहजनक छ । खीष्टले हामीमा काम गर्दै हुनुहुन्छ (एफिसी १ : १९ - २०)

यी सबै कुराहरू हुँदा हुँदै पनि खीष्ट परमेश्वरका पुत्र भएकाले उहाँले पिताका सम्पूर्ण इच्छाहरू पूरा गर्नुभयो र आफैलाई उहाँमा समर्पण गर्नुभयो । यस्तै येशूले भन्नुहुन्छ "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण मेरो निम्ति गुमाउँछ त्यसले त्यो पाउने छ ।"(मत्ती १६ : २४ - २५)

खीष्टियन जीवनमा बुझ्नको लागि एकदमै गाह्रो कुरा के भने हामीले आफ्नो आत्मा जीवनलाई इन्कार गरेर, आफ्नो जीवनलाई त्यागेर परमेश्वरको जीवनलाई खोजी गर्दछौं । खीष्ट यस पृथ्वीमा आउनु भयो र उहाँले हामीलाई प्रशस्त जीवन जीउनको लागि आह्वान गर्नुहुन्छ । उहाँसंग जीवन छ र त्यो जीवन प्रसस्त मात्रामा छ । (यूहन्ना १० : १०) यो जीवन उहाँमा छ हामीमा होइन यो कुरा हामीले राम्रो सँग बुझ्नुपर्छ ।

यसको साथसाथै हेराल्ड पत्रिकाको यस अंक विशेष गरी आफूलाई इन्कार गर्नु र हाम्रो जीवनमा खीष्टको मृत्यू र जीवनको शक्तिलाई अँगाल्नु हो । हामी हरेकले साँचो जीवन पाउन सक्दछौं भन्ने हाम्रो लागि उत्साह पनि यी अंकहरूमा देख्न सकिन्छ । जुन वाइबलिय सिद्धान्त पनि हो । हामीले हाम्रो गहिरो सम्बन्ध परमेश्वरसँग बनाउन कोशिष गर्नु पर्दछ जसलाई उहाँले सँधै चाहना गर्नु हुन्छ । किनभने"उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून, जो तिमीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनु भयो ।" (२ कोरिन्थी ५: १५) हामीलाई प्रेम गर्नुहुने र हाम्रो लागि आफैलाई अर्पण गर्नुहुने खीष्टलाई हाम्रा सबै थोक अपर्ण गरौं । उहाँ हामीलाई लिन चाँडै आउँदै हुनुहुन्छ ।

तपाईंको व्यक्तिगत जागृति

Your Personal Revival

By James A. steward(1910 - 1975)

म यो पूर्ण रूपमा विश्वास गर्दछु कि जागृतिको समय आएको छ । त्यो समय अहिले नै हो । यसकारणले गर्दा म देखेको परमेश्वरका धेरै मानिसहरूद्वारा परिक्षामा पनि परेको छु । किनभने अहिले मानिसहरू सत प्रतिसत परमेश्वर तिर फर्किनु भन्दा हृदय वाधाको कारणले परमेश्वर विहिन भएका छन् । मैले धेरै लामो समयदेखि विश्वव्यापी रूपमा नै जागृति होस् भनी प्रार्थना गरिरहेको छु । मलाई यो कुरा राम्रो सँग थाहा छ कि जागृतिका समयहरू वितिसकेका छैनन् । जबसम्म पवित्र आत्मा आफै मानिसको विचमा खडा हुनुहुन्छ हामीले उहाँको प्रतिज्ञा गरिरहनु पर्दछ । अब हाम्रो विचमा पेन्तिकोषको दिनमा भएजस्तै हुन लागेको छ ।

मलाई यो पनि थाहा छ कि परमेश्वरले मण्डलीहरूको विचमा जागृतिलाई एउटा लहरकै रूपमा पठाउन चाहनु हुँदैछ । यस्तो शक्तिशाली काम घरि घरि हुदै गरेको हामीहरूले देख्नेछौं । परमेश्वरले आफ्नो शक्तिशाली कामहरू गर्नुहुनेछ भन्ने मैले विभिन्न प्रमाणहरू दिन सक्दछु । हे मेरा प्रिय भाई वहिनीहरू हो, हामी छुटकरा पाएकाहरूको विचमा परमेश्वरले शक्तिशाली कामहरूबाट आफ्नो उद्देश्य पूरा गर्नुहुनेछ । परमेश्वरले आफ्नी दुलहीसँग कस्तो प्रकारको आत्मिक स्तरको आशा गर्नु भएको छ त्यो भन्दा कम भए हुनेथियो भन्ने आशा गर्नुहुन्न । मण्डली पवित्र र शक्तिशाली भएको पिता परमेश्वरले चाहनुहुन्छ त्यो भन्दा अलिकम भयो भने उहाँ सन्तुष्टि हुनुहुन्न । उहाँले आफ्नो आवश्यकता अनुसार मण्डलीसँग सम्बन्ध स्थापना गर्नु भएको छ ।

एउटा साधारण र पछि हटेको मण्डली एक पवित्र, शक्तिशाली शर्वशक्तिमान परमेश्वरको अपमान र वेइज्जत हो ।

हामी हरेकलाई व्यक्तिगत जागृति चाहिन्छ :

परमेश्वरका हरेक छोरा छोरीलाई जागृतिको आवश्यकता पर्दछ । वेलायतका एक जना पुरानो मेथोडिस्ट सन्तले आफ्नो वरिपरि एउटा रेखा कोरेर भने "हे प्रभु ! यो घेराभित्र रहने सबैजनालाई जागृति दिनुहोस् ।" जब उनी त्यो रेखाको धेरै तिर पुग्दै थिए । उनले अझै व्यवहारिक भएको महसुस गरे । के तपाईले पनि त्यसरी सोच्न सक्नुहुन्छ ? के तपाईंको व्यक्तिगत जीवनमा जागृति ल्याउन देखि रोक्ने कतिकुराहरू छन् तिनीहरूलाई त्यागेर उहाँको नजिक आउन तयार हुनुहुन्छ ? के तपाई त्यसको लागि उपवास र प्रार्थना गर्न तयार हुनुहुन्छ ? मिस्टर मुडीले अझै स्पष्ट रूपमा लेख्दै भनेका छन् "मण्डलीमा अपवित्र सम्पत्तिहरूका भण्डारहरू छन् प्रयोग नगरिएका र वढी नै प्रयोग गरिएका शक्तिहरू मण्डली भित्र धेरै नै छन् ।" मण्डली भित्र, शियोन मा जस्तै ठूला भिडहरू, प्रभुको निम्ति साक्षी दिने काममा डराउनेहरू, आत्माको विजयी शक्ति विना काम गर्नेहरू, चेला भनाउँदाहरू प्रसस्तै मण्डली भित्रै छन् । जसले टाढाबाट खीष्टलाई पछ्याए जस्तै गर्दछन्, ती जीवन विनाका रूपहरू हुन् । मण्डली भित्र खीष्टलाई काम गर्न रोक्ने यस्तै धेरै कुराहरू लुकेर वसेका सेवकहरू नै छन् । अफसोस् । पवित्र आत्माले नमारिएका विश्वासीहरूको भिड मण्डली भित्र लुकेर वसेको छ । धेरै विश्वासीहरूले खीष्टले दिने सम्पत्तिलाई विर्सिएर थकिन जीवन विताइरहेका छौं । अहिले सेवकहरूमा सेवा गर्नेभन्दा व्यापार गर्नेहरूको भिड लागेको छ । खीष्टको असिमित स्रोत र असिमिति शक्ति अहिले मण्डली भित्रै खुम्चिएको छ । खीष्टको आत्मा मण्डलीभित्र काम गर्न आतुर हुनुहुन्छ र पर्खिरहनु भएको छ ।

हामी प्रतिको परमेश्वरको शक्ति एफिसीको पत्र पहिलो अध्यायमा यसरी घोषणा गरिएको छ, परमेश्वरको शक्तिबाहेक खीष्ट अरू कुनै पनि शक्तिद्वारा जीवित हुनुभएको होइन् । त्यसपछि उहाँ अहिले पिता परमेश्वरको दाहिने वाहुलि पट्टी विराजमान हुनु भएको छ । परमेश्वरले करार बाध्नु भएका मानिसहरूको दिनमा उहाँले कसरि मिश्रबाट इस्राएलीहरूलाई वाहिर निकालेर ल्याउँदा पुरा गर्नु भयो । त्यसैगरी खीष्टको पुनरुत्थानले मण्डलीको जीवन र कामको लागि पवित्र आत्मामा उपलब्ध ईश्वरीय शक्तिको अत्यधिक महानताको उदाहरण दिन्छ ।

आत्माले भरिएका जीवनहरूको वारेमा कृपया एफिसी १: १७ - २३ सम्म पढ्न सक्नुहुन्छ । यसको साथै त्यो तथ्य सँग पनि डराउनुहोस् कि, हजारौं विश्वासीहरूले आफ्नो आत्मिक जन्मसिद्ध अधिकार भाँडाको जीवनयापनमै सीमित गरेका छन् ।

तिनीहरू पवित्र आत्माको शक्तिले वाँचिएका र तिनीहरू पवित्र आत्माले नयाँ पारिएका हुनुपर्दथ्यो । तिनीहरू महिमाको निम्ति बाँचिइएका हुनपर्ने यस्तै थियो तर अहीले मण्डलीलाई पवित्र आत्माको गहिराइतिर डुब्ने कुनै समय नै छैन, न त कुनै चाहना नै छ । मैले मण्डलीमा कुनै लालसानै देखेको छैन, तिर्खा छैन, जसले परमेश्वरको साँचो सम्पत्ती प्राप्त गर्नु पर्ने हो त्यो सोचविचार नै छैन । परमेश्वरको उपस्थिति मण्डलीमा हुनु र मण्डलीलाई उहाँ प्रतिको तृष्णा नै मण्डलीको सम्पत्ति हो । यो अति नै व्यवहारिक कुरा हो हाम्रो यस पृथ्वीमा भएका सम्पूर्ण सम्पत्ति क्षणिक हुन् तर परमेश्वरसँग हाम्रो सम्बन्ध नै हाम्रो सवैभन्दा ठूला सम्पत्ति हुनुपर्दछ । आज मण्डली अन्धकारले घोटिएको छ, परमेश्वरको आवश्यकता त्यति

ध्यान दिइदैन, मण्डली भित्र व्यापारको केन्द्र भएको छ, २ जना भेट भए भने अरू मानिसकै कुरा गर्दछन् । परमेश्वरको आशिषको वाँडचुड त भएकै हुँदैन अब हेर्नुहोस् त कसरी उहाँको आत्मा मण्डलीभित्र आउँछ र हाम्रो विचमा काम गर्दछ । हे मण्डली अहिले नै विचार गर्नुहोस् । आज किन परमेश्वरको गहिरा गहिरा कुरा तिर किन इच्छा नभएको होला ? राजा दाऊदले गरेको प्रार्थना यो समयमा मैले सम्झेको छु । उनि भन्दछन् "जसरि हरिणले खोलाका पानीको तृष्ण गर्दछ, त्यसरी नै, हे परमेश्वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ ।" (भजनसंग्रह ४२ : १)

यो परमेश्वरका मानिसहरूको विचमा लगाइएको गम्भिर आरोप जस्तो लाग्दछ, हो माथिबाट हेर्दै आउँदा तपाईंलाई पनि त्यस्तै लागेको होला । मानिसहरू किन परमेश्वरको निम्ति भोकाएका र तिर्खाएका छैनन् किन परमेश्वरको साँचो काम तिनीहरूको विचमा भएको चाँहदैनन् । यसको बदला मानिसहरूले उत्साहको, प्रगतिको आशा भने गर्न छाडेका छैनन् । परमेश्वरको वचन सुन्न अल्छि मान्दछन्, वचन प्रति त्यति चासो पनि राख्दैनन् । पवित्र आत्माले भरिने एक मात्र तरिका भनेको जागृतिको अनुभव गर्नु पर्ने हो । परमेश्वरको वचनले यसरी भन्दछ "अब चाडको पछिल्लो दिन अर्थात् चाडको प्रमुख दिनमा, उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो "यदि कोही तिर्खायो भने त्यो म कहाँ आओस् र पिओस् ।" (यूहन्ना ७ : ३७) विश्वासीहरूले यो कुरा राम्रोसँग बुझ्नुपर्दछ कि, विश्वासीहरूको पवित्र आत्मामा भाग (अंश) र पवित्र आत्मामा एकदमै फरक छ । हामीले कहिल्यै भन्न सक्दैनौं की एक जना विश्वासीमा पवित्र आत्मा हुनुहुन्न अर्को दुःखको कुरा यो पनि होकि परमेश्वरको आत्मामा विश्वास छैन ।

महान् उचाइ र गहिराइहरू

महिमित भूमिमा पुग्ननै रोकिनु विश्वासीहरूको लागि कति दुखको कुरो हो । त्यो दिन कस्तो हृदयविदारक क्षण हुन्छ होला ? कारण हामी परमेश्वरले चाहेको जस्तो जीवन विताइरहेका छैनौं । हामी अल्प विश्वासीनै छौं, तर परमेश्वरले अल्पविश्वासीलाई आशा तिर लैजान चाहनुहुन्छ । हामी सबै समयमा उहाँ तर्फकै हुन सक्नुपर्दछ ।

आत्मिक रूपमा हेर्ने हो भने हामी सम्पूर्ण विश्वासीहरू ख्रीष्टमा करोडपति भएका छौं । वास्तवमा परमेश्वरले हामीलाई उहाँको संसारमा हातफैलाएर फर्काइरहनु भएको छ । उहाँको नजिक जानेकि नजाने यो हाम्रो रोजाइ हो । उहाँले हामीलाई ईश्वरिय शक्ति दिन उहाँ शक्तिशाली हुनुहुन्छ ।

केवल पवित्र आत्माले मात्र यी चिजहरूलाई हाम्रो हृदय र जीवनमा वास्तविक र बहुमुल्य र सत्य बनाउन सक्नुहुन्छ । ख्रीष्टको पछि लागेर उहाँसँग संगतिमा जोडीनुको सट्टा आधा विश्वासको हृदय लिएर जीवनयापन गर्नु विश्वासीहरूको लागि दुखको कुरा हो । आफ्नै आत्मालाई वचाउन नसक्नेले अरूलाई के गवाही दिन सक्ला र आधा हृदय भएको मानिसमा कुनै विश्वास हुँदैन, आशा हुँदैन, जोस हुँदैन, परमेश्वरको वचनको भोक हुँदैन,जीवनप्रति गम्भिर हुँदैन, यसले ख्रीष्टको सुगन्ध वोक्दैन । त्यसो भने यी सबै कुराहरूको निष्कर्ष के हो ? यो दुःखद अवस्थाको औषधी पवित्र आत्माले मरिनु नै हो । आफू बच्ने र अरूलाई बचाउने बाइवलिय, सिद्धान्त हो । उद्धारकर्तालाई स्विकार गरौं, उहाँको पछि लागौं, जीवन ख्रीष्टसँग विताऔं, जागृतिको आशा राखौं ।

James A. Stawart द्वारा 'तपाईको व्यक्तिगत जागृति' लेख वाट साभार गरी लिइएको, अनुमतीद्वारा प्रकाशित - प्रकाशक)

नियमित बाइबल पढ्ने बानी बसालौं

बौरी उठ्नुभएको मुक्तिदाताको शक्ति

The Power of the Risen Savior

By Charles H. Spurgeon (1834 – 1891)

बौरी उठ्नु भएको ख्रीष्टलाई देख्नु कुनै साधारण कुरा होइन, जब कि उहाँ पृथ्वीमा हुनुहुन्थ्यो, उहाँ अरु मानिस सरह नै मानव रुपमा हुनुहुन्थ्यो । ख्रीष्टलाई हेर्नको लागी हामीसंग कस्तो स्वभाव हुनुपर्दछ ? ख्रीष्टलाई महिमामा हेर्नको लागि हाम्रो हृदय साधारण भएर हुँदैन, उहाँको आत्मा हामीमा वास गरेपछिमात्र हामी उहाँलाई देख्न सक्दछौं । मानिसहरूले येशूलाई चिहानमा हेर्न गएका थिए तर जब उहाँ यहाँ हुनुहुन्न' भन्ने आवाज आयो तिनीहरूलाई कस्तो लाग्यो होला ? 'उहाँ यहाँ हुनुहुन्न, उहाँ वौरी उठ्नु भएको छ' यो वाक्याइसलाई विचार गर्नुहोस् त यसले कस्तो आशा दिए होला । हो साँच्चै येशू त्यहाँ हुनुहुन्थेन उहाँ वौरी उठ्नु भएको थियो र पिताको दाहिने हात पट्टि वस्नु भएको थियो । र मानव जातिको निमित्त एक रुपमा मध्यस्थता गरिरहनु भएको छ ।

येशूसँग सबै शक्ति छ

"स्वर्ग र पृथ्वीको सम्पूर्ण अधिकार मलाई दिइएको छ ।" (मत्ती २८:१८) यी शब्दहरूलाई एकछिन विचार गरौं त ! सम्पूर्ण अधिकार भनेको के होला ? यो अधिकार पिताले येशूलाई दिनुभएको हो । ख्रीष्ट संग कस्तो प्रकारको शक्ति होला जसलाई हामी आफ्नु मुखले व्याख्या गर्न सक्दैनौं ! यो अधिकारलाई हामी राम्रोसँग बुझ्न पनि सक्दैनौं । यो साँच्चिकै अदुभुत ज्ञान हो । उहाँसँग अस्तित्वको शक्ति, सृष्टिको शक्ति, निर्माण भएका सम्पूर्ण वस्तुहरूमाथि उहाँको शक्ति, विनास र निर्माण गर्ने शक्ति, खोल्ने र बन्द गर्ने शक्ति, उठ्ने र स्थापना गर्ने शक्ति, मानेर जीवित पार्ने शक्ति, क्षमा र शासनको शक्ति उहाँको हातमा छ । यतिमात्र होइन उहाँसंग निन्दा गर्न दिने र रोक्ने शक्ति पनि केन्द्रित छ । यो सबै शक्तिलाई निष्कर्षमा भन्नुपर्दा " परमेश्वरले सबैकुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनु भयो ।" (एफिसी १: २२)

यी सबै कुरा माथिको अधिकार ख्रीष्ट हाम्रा प्रभुमा निहित छ ।

पवित्र आत्माको शक्ति

'सम्पूण शक्ति' भन्दा एकदमै व्यवहारिक रुपमा रोच्ने हो भने पवित्र आत्माको शक्तिलाई बुझ्नुपर्दछ । पवित्र आत्माले मात्र मानिसहरूलाई पापको दोष लगाउनुहुन्छ र पवित्र आत्माले मात्र मानिसलाई मुक्तिदाता तर्फ डोऱ्याउनु हुन्छ । उहाँले मात्र मानिसलाई नयाँ हृदय दिनुहुन्छ । उहाँले दिने सही आत्माले मात्र विश्वासीहरूलाई मण्डली तिर डोऱ्याउनु हुन्छ । त्यसपछि मात्र मानिसहरू आत्मिक रुपमा हुर्कन्छन् र फलदायी हुन्छन् । जसरी हारुनको टाउकोमा अभिषेकको तेल खन्याइयो, उनको दारि र कठालो तथा पोशाक हुँदै तलसम्मै वगि गएको उदाहरण हामी देख्न सक्दछौं । हामीसंग पनि उहाँको आत्मा त्यसरी नै वग्दै वग्दै जान्छ ।

पृथ्वीको सम्पूर्ण शक्ति

प्रभु येशूले दावा गर्दै भन्नुहुन्छ कि सारा पृथ्वीको अधिकार उहाँलाई दिइएको छ । सारा पृथ्वीको अधिकार उहाँमा निहित भएको कारणले उहाँले जुनसुकै सेवकलाई पनि पवित्र आत्माको पोशाकले पहिराउन सक्नुहुन्छ । जसले गर्दा उच्च वोलावट गरी तिनीहरूले आफ्नो हात उठाएर अरुहरूलाई पनि त्यो अधिकार प्रदान गर्नु सक्नेछन् । सेवकहरूलाई अगाडिको पंङ्क्तिमा नल्याइकन, उहाँ नआउन्जेल तिनीहरूले त्यही अधिकार

प्राप्त गरी सारा संसारलाई अधिकार गर्नेछन् । यसरी सेवकहरू पवित्र आत्माले भरिएर उहाँको लागि उपयोगी वन्नेछन् । प्रिय भाईहरू ! प्रभु येशूले तपाईंलाई जुन क्षेत्रमा राख्नु भएको छ उहाँले तपाईंलाई त्यही ठाउँमा प्रयोग गर्नुहुन्छ । हे मेरा वहिनीहरू हो ! तपाईंको माध्यमबाट उहाँले तपाईंद्वारा घरपरिवार र वाल-वालिकाहरूलाई आशिष दिन प्रयोग गर्नुहुन्छ । तपाईं साँच्चिकै कमजोर हुनुहोला तर तपाईंलाई शक्ति दिने परमेश्वर धेरै वलवान हुनुहुन्छ । किनभने तपाईं माथिबाटको शक्ति प्राप्त गरेको व्यक्ति हुनुहुन्छ । जसरी परमेश्वरले न्यायकर्तालाई भन्नुभयो त्यो शब्द आज तपाईंको निम्नि पनि हो "जा, इस्राएललाई मिद्यानीहरूका हात देखि छुटाउनलाई तँमा भएको वल प्रयोग गर, । तँलाई पठाउने म नै हुँ ।" (न्यायकर्ताहरू ६:१४) यो वचन गिदोनलाई भनिएको थियो ।

यी दिनहरूमा मण्डलीको लागि उहाँको शक्ति

हे विश्वासीहरू हो ! परमेश्वरको अनुग्रह आफ्नो जीवनमा लिनको लागि उहाँको सहारा लिनुहोस् । यसो गर्यौ र परमेश्वरको इच्छा भयो भने उहाँले सम्पूर्ण मण्डलीलाई नै हलचल मच्चाउन सक्नु हुनेछ । के मण्डली सुनेको छ ? परमेश्वरको आवाजले मण्डलीलाई विउँताएको छ । परमेश्वरको इच्छाले मण्डलीलई प्रार्थना गर्नु उत्साह दिन्छ । के हामी अविस्वासी त भएका छैनौं ? उहाँले हाम्रो पुरानो विश्वासलाई पूर्नजीवित पार्नुहुन्छ । के हाम्रो विश्वास अटल भएको छ ? कि हामीलाई शंकाले पिरोलेको छ ? के हाम्रो सुसमाचारमा शक्ति प्रदर्शन भएको छ ? छैन भने उहाँले हामीलाई सहायता गर्न संधै तयार हुनुहुन्छ । परमेश्वरले आफ्ना छोराछोरीहरू विश्वासको नायक नभएसम्म साहस दिइरहनु हुन्छ ।

हामी विश्वास गरौं, र हामी परमेश्वरको महिमा देख्नेछौं । मण्डली कहिल्यै निराश हुनु पर्ने छैन । मण्डलीले धेरै नै चिन्ता नगरोस् र उसको चिन्ता -फिक्री परमेश्वरमा राख्न सकोस् । त्यो चिन्ता अब प्रार्थनामा बदलिन सकोस् । मण्डली संधै आशावादी हुनुपर्दछ किनभने उहाँको उद्धारकर्ता शक्तिशाली हुनुहुन्छ र उहाँले आफ्नो शक्तिलाई मण्डलीमा देखाउन चाहानुहुन्छ" याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।"(भजनसंग्रह ४६:७) हाम्रो विचमा एक जना उभिनुभएको छ जसलाई संसारले चिन्दैन न त देख्न नै सक्दछ । जसको जुत्ताको फिता खोज्नको लागि पनि हामी योग्यका छैनौं । उहाँले मण्डलीलाई पवित्र आत्माको आगोले बप्तिस्मा दिनुहुनेछ किनकि सम्पूर्ण अधिकार र शक्ति उहाँलाई दिइएको छ ।

प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरूका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरू रोकिन सकोस् ।
- प्रवासी नेपालीहरूको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरू, किल्लाहरू आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com